MAYUR
Date
Page

बैठक संख्या :

श्री

आज मिति २०७७ साल फाल्गुन १३ गते विहीबार बिहानको ११.०० बजे देखि यस घ्याङलेख गाउँपालिकाका अध्यक्ष श्री जगत वहादुर भोलनज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल अनुसारका कार्यसूची (प्रस्ताव) माथि छलफल भई तपसिल बमोजिम निर्णय भयो ।

उपस्थिति

| सि.न | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | जगत वहादुर भोलन | |
| २ | उपाध्यक्ष | दुर्गादेवी सुनुवार | |
| ३ | वडाअध्यक्ष(१) | रामकाजी वाईवा | |
| ४ | वडा अध्यक्ष (२) | एक वहादुर खडका | |
| ५ | वडा अध्यक्ष (३) | कृष्ण वहादुर थिङ | |
| ६ | वडा अध्यक्ष (४) | चक्र वहादुर पाख्रिन | |
| ७ | वडा अध्यक्ष (५) | विष्णु कुमार कर्माचार्य | |
| ८ | कार्यपालिका सदस्य | जेसुन्दरी माया वाईवा | |
| ९ | कार्यपालिका सदस्य | यम कुमारी दमाई | यम |
| १० | कार्यपालिका सदस्य | जानुका थापामगर | |
| ११ | कार्यपालिका सदस्य | हिमाली माया वि.क. | |
| १२ | कार्यपालिका सदस्य | गंगा माया वि.क. | |
| १३ | कार्यपालिका सदस्य | सुनमाया थिङ | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | राम कुमार कार्की | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| १ | दिपेश न्यौपाने | | |
| २ | गिरीराज खनाल | | |
| ३ | भरत जंग थापा | | |
| ४ | रुद्र प्रसाद दहाल | | |

MAYUR
Date ______
Page ______

# घ्याङलेख गाउँपालिका,गाउँ कार्यपालिकाको बैठकको
## प्रस्ताव तथा निर्णयहरु
## मिति २०७७।११।१३

### बैठकका कार्यसूची (प्रस्ताव) हरु

१ स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ को जानकारी सम्वन्धमा ।
२. प्रदेश सरकारबाट आ.व. २०७८।०७९ को लागि विनियोजन हुने समपुरक र विशेष अनुदानको लागि योजना तथा कार्यक्रम छनौट गरी पठाउने सम्वन्धमा ।
३. कार्यपालिकाको नियमित बैठकको दिन तोक्ने सम्वन्धमा ।
४. गाउँपालिकाका जननिर्वाचित पदाधिकारीहरुबाट तथा कर्मचारीले धुम्रपान, मध्यमापन लगायत सूर्तिजन्य पदार्थ प्रयोग नगर्ने प्रतिवद्धता गर्ने सम्वन्धमा ।
५ समिति गठन गर्ने सम्बन्धमा ।
६ खरको छानो मुक्त कार्यक्रम सम्बन्धमा ।
७ सडक बोर्ड, नेपालमा योजना /कार्यक्रम छनौट गरी पठाउने सम्वन्धमा ।
८ विविध ।

### बैठकका निर्णयहरु

### निर्णय नं.१ :-

प्रस्ताव नं. १ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रकाशित मन्त्रालयबाट प्राप्त भएको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ को बारेमा जानकारी भयो । सो मा उल्लेख भएका कार्यसम्पादन सूचकमा तोकिएका विषय क्षेत्र अनुसार उत्कृष्ट नतिजा प्राप्त गर्न गरी कार्यालय दैनिक प्रशासन, गाउँसभा, कार्यपालिकाको बैठक, योजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो । साथै स्वमूल्यांकनको प्रक्रिया र अंकभारको बारेमा सवै शाखा, उपशाखा, वडा कार्यालय लगायत निर्वाचित पदाधिकारीहरु समेत संग समन्वय गर्न अधिकृत श्री गिरीराज खनाललाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो ।

### निर्णय नं.२ :-

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रादेशिक योजना तथा अनुगमन शाखा, हेटौडाको च.नं. ८६८ मिति २०७७।९।२० को पत्र अनुसार आ.व. २०७८।०७९ को लागि समपुरक र विशेष अनुदानबाट संचालन गर्नको लागि प्रस्ताव गरी पठाउन लेखी आएकोले प्रस्ताव भएका योजनाहरु मध्ये प्रक्रिया पुगी विस्तृत योजना प्रतिवेदन समेत तयार भएको तपसिल अनुसारका योजनाहरु प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

समपुरक अनुदान तर्फ :

क) खट्टार देखि अमले थलागाउँ हुदै फापरचुली सम्म सडक (वडा नं. १)

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर मोलन
अध्यक्ष

ख) चन्दनपुर सल्ले केराबारी गैरी भैसे बस्तीपु सातदोबाटो सम्म सडक (वडा नं. २)

ग) चिलाउने पचभैया लप्से हुदै सात दोबाटो सम्मको सडक (वडा नं. ३)

घ) रामपुर बजार रातुडाँडा पाखुरे रामभेडे हुदै काकलिङ सम्मको सडक ( वडा नं. ४ र ५)

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा कार्यपालिकाको नियमित बैठक प्रत्येक महिनाको २५ गते दिनको ११ बजे बस्ने। बैठको एजेन्डा ७ दिन अगावै कार्यपालिकाका सदस्यहरुलाई लिखित रुपमा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गाउँपालिकाका जननिर्वाचित पदाधिकारीहरुबाट तथा कर्मचारीले धुम्रपान, मध्यमापन लगायत सूर्तिजन्य पदार्थ प्रयोग नगर्ने प्रतिवद्धता गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

प्रताव नं. ५ माथि छलफल गर्दा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग चं.नं. १२७२ मिति २०७७/११/१९ को पत्रानुसार सामाजिक सुरक्षा तथा व्याक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोस्रो संसोधन, २०७६) बमोजिम स्थानीय तहमा देहायका समितिहरु गठन गर्ने निर्णय गरियो।

क) गाउँपालिका समन्वय समिति

१. जगत बहादुर भोलन - अध्यक्ष्य
२. राम कुमार कार्की - सदस्य
३. रामकाजी वाइवा - सदस्य
४. देवु खड्का सदस्य - सदस्य
६. अनिता गुरुङ - सदस्य सचिव

ख) गाउँपालिका गुनासो सुनुवाई सतिति

१. प्रमुख प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. अनिता गुरुङ - सदस्य
३. रवि कुमार गोले - सदस्य सचिव

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा खरको छाना मुत्त कर्यक्रम मापदण्ड २०७७ वमोजिम कार्यक्रम संचानलाई प्रभावकारी पार्ने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सडक बोर्ड, नेपालको च.नं. ६९० मिति २०७७९।२४ को पत्रानुसार आ.व. २०७७।०७८ मा सडक बोर्ड, नेपालबाट प्राप्त हुने रु.१२,००,०००।- बाट योजना संचालन गर्नको लागि प्रस्ताव गरी पठाउन लेखी आएकोले तपसिल अनुसारको योजना प्रस्ताव गरी पठाउने निर्णय गरियो।

तपसिल

क) हायुटार चोंक देखि नेपाल एस वि आई बैंक हुदै चिउरीबास जाने बाटो (वड नं. २)

ख) स्वास्थ्य चौकी देखि गा.पा. भवन सम्म जाने बाटो (वड्ा नं. २)

जगत बहादुर भोलन
अध्यक्ष

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत